## बेलौरी नगरकार्यपालिकाको मिति २०८३।०३।२८ गते बसेको बैठकका निर्णयहरु

निर्णय नं. १) बेलौरी नगरपालिकाको विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा ९ (क) मा भएको व्यवस्था तथा अनुगमन समितिको प्रतिवेदन एवं स्थानीय आवश्यकता समेतको आधारमा निर्णय भएको मितिबाट लागू हुने गरी शैक्षिक सत्र २०८३ देखि तपसिल बमोजिमका विद्यालयको समायोजन तथा तह/कक्षा घटाइ देहाय अनुसार कायम गर्ने निर्णय गरियो ।

**समायोजन तर्फः**

| क्र.सं. | विद्यालयको नाम, ठेगाना | सञ्चालित तह र कक्षा | समायोजन भई कायम हुने विद्यालयको नाम, ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | जनप्रिय आधारभूत विद्यालय, बेलौरी न.पा. २, दिनापुर | आधारभूत तह कक्षा १-५ | लक्ष्मी मा.वि., बेलौरी न.पा. २, जबदीया | |
| २ | वी.पी. स्मृति आधारभूत विद्यालय, बेलौरी न.पा. २, चारघरुवा | आधारभूत तह कक्षा १-५ | जनसेवा आधारभूत विद्यालय, बेलौरी न.पा. २, टेड्डुवा | |
| ३ | गौरीशंकर आधारभूत विद्यालय, बेलौरी न.पा. ३, मोतिपुर | आधारभूत तह कक्षा १-५ | सरस्वती माध्यमिक विद्यालय, बेलौरी न.पा. ३, बुटाबारी | |
| ४ | अग्रासन आधारभूत विद्यालय, बेलौरी न.पा. ४, मोतिपुर | आधारभूत तह कक्षा १-५ | शान्ति माध्यमिक विद्यालय, बेलौरी न.पा. ४, शान्तिपुर | |

**तह र कक्षा घटाउने (डाउनसाइजिङ) तर्फ :**

| क्र.सं. | विद्यालयको नाम, ठेगाना | हाल सञ्चालित तह र कक्षा | तह घटाइए (डाउनसाइजिङ भए) पश्चात कायम हुने तह र कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | शक्ति आधारभूत विद्यालय, बेलौरी न.पा. ८, कानपुर | आधारभूत तह कक्षा १-५ | आधारभूत तह कक्षा १-३ | |
| २ | शुक्लाफाँटा आधारभूत विद्यालय, बेलौरी न.पा. ९, अण्डैया | आधारभूत तह कक्षा १-५ | आधारभूत तह कक्षा १-३ | |
| ३ | कृष्ण प्रसाद आधारभूत विद्यालय, बेलौरी न.पा. ५, उदयपुर | आधारभूत तह कक्षा १-५ | आधारभूत तह कक्षा १-३ | |
| ४ | सरस्वती आधारभूत विद्यालय, बेलौरी न.पा. १, वैशाखी | आधारभूत तह कक्षा १-५ | आधारभूत तह कक्षा १-३ | |

निर्णय नं. २) बेलौरी नगरपालिकाको विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा ८ (क) मा भएको व्यवस्था बमोजिम नगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयमा तहगत स्थायी शिक्षक व्यवस्थापन गर्न सम्बन्धित विद्यालयमा रहेका विषय समेत ख्याल गरी सम्बन्धित शिक्षकबाट विद्यालय रोज्ने आवेदनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

खेम राज जोशी
प्रमुख प्रशासकीय अधिकृत